annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३१२ पृष्ठ ८ | काठमाडौं, सोमबार ४ चैत २०८१ | चैत्र कृष्णपक्ष तृतीया, नेपाल संवत् ११४५ | MONDAY, MARCH 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# निजी क्षेत्र चाहन्छ मनोबल बढाउने बजेट

**अर्थतन्त्रका बाह्य सूचक बलियो देखिए पनि आन्तरिक रूपमा अर्थतन्त्र शिथिल नै छ । निर्माण क्षेत्र थला परेको छ, बजारमा माग नभएको भन्दै उद्यमी-व्यवसायी चिन्तित छन् । बैंक तथा वित्तीय संस्थामा पैसा थुप्रिएको छ, तर उनीहरूले लगानी गर्न सकेका छैनन् । यस्तो बेला सरकारले आर्थिक वर्ष ०८२/८३ का लागि १९ खर्बको सिलिङभित्र रहेर बजेट निर्माण गर्दै छ । निजी क्षेत्र भन्दै छ- अबको बजेटले अर्थतन्त्र चलायमान बनाओस् । कर दरमा धेरै तलमाथि नहोस् ।'**

**ममता थापा/सुनिता कार्की** | *काठमाडौं*

- को रिपोर्ट

विस्तृत पृष्ठ २

चालु वर्षका साढे ६ खर्बका आयोजनाहरूलाई आगामी आर्थिक वर्षको बजेटले समायोजन गर्न सकेन भने ती योजनाहरू पूर्णरूपमा खारेज हुनुपर्छ ।

**रवि सिंह**
अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ

मुलुकको अर्थतन्त्र अहिले पनि मन्दीबाट गुज्रिरहेको छ । यसको उन्मुक्तिका लागि आउने वित्तदेखि मौद्रिक नीति अन्यन्तै लगानीमैत्री र उद्यमी व्यवसायीलाई आत्मबल बढाउने खालको हुनैपर्छ ।

**कमलेशकुमार अग्रवाल**
अध्यक्ष, चेम्बर्स अफ कमर्श

घरेलु लगानी होस् वा वैदेशिक लगानी होस् । सबैखाले लगानीलाई प्राथमिकता दिनुपर्ने आवश्यक्ता छ । त्यसैकारण बजेट ल्याउँदा लगानीलाई प्रोत्साहन गर्नुपर्‍यो ।

**चन्द्र ढकाल**
अध्यक्ष, उद्योग वाणिज्य महासंघ

नयाँ उद्यमीलाई सरकारले प्रोत्साहन गर्दै उद्यमशीलता उन्मुख बजेट ल्याउनुपर्छ । बजेटले कुन पार्टीको उद्यमी भनेर छुट्ट्याउनु भएन ।

**शोभा ज्ञवाली**
अध्यक्ष, महिला उद्यमी महासंघ नेपाल

विद्युतीय सवारीसाधनमा ४० प्रतिशत डाउनपेमेन्ट लागू गर्नुले यो सेग्मेन्टमा भइरहेको सकारात्मक मागलाई समेत प्रभावित पार्ने संकेत देखिएको छ । जसका कारण समग्र अटो व्यवसायीहरू निराश छन् ।

**करणकुमार चौधरी**
अध्यक्ष, नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल



## अमेरिकी आक्रमणबाट यमनमा ३१ को मृत्यु

**साना** (एजेन्सी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत जनवरीमा सत्ता सम्हालेपछि यमनका हुथी विद्रोहीमाथि अमेरिकाले गरेको पहिलो आक्रमणमा परी कम्तीमा ३१ जनाको मृत्यु भएको विद्रोहीले आइतबार बताएका छन् ।

गाजा युद्धका क्रममा इजरायल र रेड सीमा आक्रमण गरेका हुथी विद्रोहीले आक्रमणमा परी ज्यान गुमाउनेमा बालबालिका पनि रहेको बताइएको छ । विद्रोहीको कब्जामा रहेको राजधानी सानामा एएफपीका एक फोटोग्राफरले तीनवटा विस्फोटको आवाज सुनेका पुष्टि गरेका छन् ।

हुथी स्वास्थ्य मन्त्रालयका प्रवक्ता अनिस अल असबहीले जारी गरेको विज्ञप्तिमा विद्रोहीको नियन्त्रणमा रहेको राजधानी सानाका साथै सादा, अल बेदा र राडाक्षेत्रमा भएको आक्रमणमा परी ३१ जनाको मृत्यु हुनुका साथै १०१ जना घाइते भएको उल्लेख गरिएको छ ।

ट्रम्पले सामाजिक सञ्जालमा 'अत्यधिक घातक बल प्रयोग गर्ने' प्रतिबद्धता व्यक्त गर्दै इरानलाई यमनी हुथीलाई दिइएको आफ्नो समर्थन तत्काल कटौती गर्न आदेश दिएका छन् ।

हुथी विद्रोहीले आक्रमणलाई 'बिना कुनै प्रतिक्रिया नछोडिने' चेतावनी दिएको छ भने इरानी विदेशमन्त्री अब्बास अराघचीले मृत्युको निन्दा गर्दै वासिङ्टनलाई आफ्नो विदेश नीति निर्धारण गर्ने 'कुनै अधिकार' नभएको बताएका छन् ।

हुथी अन्सारोला वेबसाइटले 'अमेरिका र बेलायती आक्रामकता' र वासिङ्टनको 'आपराधिक क्रूरता' को निन्दा गरेको छ । अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले लडाकुको तस्बिर र बमको विस्फोटका कारण भवन परिसर भत्किएको तस्बिर पोस्ट गर्दै 'अमेरिकी हितको रक्षा गर्न, शत्रुहरूलाई रोक्न र नेभिगेसनको स्वतन्त्रता लाई पुनर्स्थापित गर्न' 'सटिक आक्रमण' गरिएको बताएको छ ।

हिमवत्खण्ड कला-साहित्य-संस्कृति सम्मिलन- २०८१

## 'छोराबुहारीलाई तँ, छोरी पनि तँ, ज्वाइँलाई तपाईं ?'

**गोपीकृष्ण ढुंगाना** | *काठमाडौं*

'छोरालाई तँ भन्छौं । उसले ल्याएकी बुहारीलाई पनि तँ भन्छौं । छोरीलाई पनि तँ नै भन्छौं, तर ज्वाइँलाई तपाईं भन्छौं । अझ हजुर आइस्योस्, खाइस्योस् भन्छौं । सम्बोधनमा गरिएको भाषाको आदरार्थी प्रयोग किन यसरी फरक भयो ? यस्तो विभेद हटाउँदै परिमार्जन गर्दै जानुपर्छ ।'

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व प्राज्ञसदस्य प्राडा हेमनाथ पौडेलले मदन भण्डारी कला-साहित्य प्रतिष्ठानले राजधानीमा चैत १, २ र ३ गते आयोजना गरेको 'हिमवत्खण्ड कला-साहित्य-संस्कृति सम्मिलन-२०८१'को तेस्रो दिन 'सञ्चारमाध्यममा नेपाली भाषा' विषयक परिसंवादमा तेर्स्याएको प्रश्न हो यो । अन्नपूर्ण पोस्ट् दैनिकका प्रधान सम्पादक अखण्ड भण्डारीले आमसञ्चार माध्यममा 'तिमी' शब्दले सम्बोधन गर्ने प्रचलन कसरी सुरुआत भयो र



किन यसरी समाचारको भाषा बनाइयो भन्ने जवाफ दिएपछि नेपाल टेलिभिजनका पूर्वमहाप्रबन्धक फूलमान बलले आदरार्थी शब्द 'तपाईं' को प्रयोग गर्नुपर्छ भनी जिकिर गरेका थिए ।

त्यसपछि एपीवान टेलिभिजनका कार्यक्रम प्रस्तोता मोहराज शर्माले सोधेको सवालमा डा. पौडेलले यस्तो सन्दर्भ प्रस्तुत गरेका हुन् । एउटा एफएम रेडियोले केही दिन लगातार नेपाली भाषामाथि विज्ञहरूलाई बोलाएर गरेको अन्तर्क्रियात्मक कार्यक्रम सुन्दा 'भन्नोस् फलानाजी' भन्ने शब्दले आफूलाई नराम्ररी चिमोटेको उनले बताए । भने, 'भोलिपल्ट मलाई भाषामाथि बोल्न बोलाए । उनी मेरै विद्यार्थी थिए । भनिदिएँ, सम्बोधन शैली चित्त बुझेन । म आउँदिनँ । सम्बोधनले बिझायो ।' भाषामा प्रयोग हुने सम्बोधनले संस्कृति बोकिरहेकाले त्यसलाई सिध्याउने हो भने सामाजिक सद्भाव बिग्रने डा. पौडेलले तर्क गरे ।

'ईश्वर तैले रचेर फेरि कसरी बिगारिस्... बोलको गीतमा हेर्नोस् त ईश्वर अर्थात् भगवान्लाई पनि तँ सम्बोधन कति मिठो छ ? समाचारभित्रको भाषा विकृत छ किनकि मिडियाले भाषा अचाक्ली बिगारेको छ', पौडेलका सवालमा जवाफ दिँदै प्रधान सम्पादक भण्डारीले भने, 'हामी सञ्चारमाध्यमले लेख्ने भाषामा सम्बोधनको क्रममा मात्र तिमी शब्द प्रयोग हुन्छ तर स्रोतले बोलेका वाक्यमा तपाईं शब्द जस्ताको तस्तै सम्बोधन हुन्छ ।'

» बाँकी पृष्ठ ३

@GlobalMoneyWeek #GMW2025
GLOBAL MONEY WEEK® 2025
think before you follow, wise money tomorrow
17-23. March. 2025
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
बचत गरौं
GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np